(३८६)

राष्ट्रिय सूचना आयोग
२०६५

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ३७४/२०७०/०७१

धनकुटा जिल्ला, कुरुले तेनुपा ५ हाल धनकुटा न.पा.५ तल्लो कोप्चे वस्ने नोदनाथ त्रिताल .....१ उजुरीकर्ता

विरूद्ध

प्रधानाध्यापक, पञ्चकृष्ण उच्च मा.वि, खोकु, धनकुटा ..............................................१ विपक्षी

विषय :- सूचना दिनू भनिएकोमा पाइन भन्न नआएकोले तामेलीमा राख्ने ।

धनकुटा जिल्ला, कुरुले तेनुपा ५ हाल धनकुटा न.पा.५ तल्लो कोप्चे वस्ने नोदनाथ त्रितालले, पञ्चकृष्ण उच्च मा.वि, खोकु, धनकुटा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।३।२ मा उजुरी गरेको । उजुरीकर्ताको माग बमोजिमको सूचना उपलब्ध गराउनू भनी यस आयोगबाट भएको आदेश कार्यान्वयनका लागि मिति २०७१।०३।१६, च.नं. १२२०, पु.च.नं. ५३८ र मिति २०७१।०७।२६, च.नं. ५३०, पु.च.नं. २३९ को ताकेता पत्र समेतबाट पत्राचार भएकोमा उक्त कार्यालयले सूचना उपलब्ध गराएको जानकारी आयोगलाई नदिएको तथा लामो समयसम्म उजुरीकर्ताले सूचना पाइन भनी उजुरी गर्न आएको देखिदैन । उक्त आदेश बमोजिमको सूचना नपाएको अवस्थामा उजुरीकर्ताले पुनः आयोगमा निवेदन/पुनरावेदन गरेमा सोही बखत अग्रीम कारवाही प्रक्रिया अगाडि वढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत उजुरी तामेलीमा राख्नू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल असार २५ गते रोज ६ शुभम् ।